# सांस्कृतिक संस्थान

(नेपाल सरकारको पूर्ण स्वामित्व)
जमल, काठमाडौं, नेपाल

## ईद-उल-फित्र पर्वको शुभकामना

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भित्र एकता भएको राष्ट्र हो। जीवनका हरेक क्षणहरू आनन्द अनि स्वतन्त्र रूपले जिउन सिकाउनका लागि वर्षभरीका चाडपर्वहरूले सभ्य संस्कृति सम्प्रेषण गर्दछन्। हरेक चाडपर्वहरूसँग जोडिएका किंवदन्ती, मिथक एवम् पौराणिक कथाहरूले हाम्रो जीवन सुखी र हितकर बनाउने सन्देश दिने गरेको छ। संस्कृतिलाई जीवन्त राख्ने माध्यम नै चाडपर्वहरू हुन्।

ईद-उल-फित्र इस्लाम धर्मावलम्बीहरूको महत्त्वपूर्ण एवम् पवित्र पर्व हो। ईद-उल-फित्र पर्व मुस्लिम समुदायले हर्षोल्लासकासाथ रमजान महिनाको समाप्तिको सङ्केत स्वरूप मनाउने गर्दछन्। रमजानको समयावधिमा प्रत्येक दिन बिहानदेखि साँझ सुर्यास्तसम्म रोजा (उपवास) राख्ने गरिन्छ। यस अवधिमा रोजा खोलेर परिवार तथा इष्टमित्रसँग रमाइलो गर्ने, आफ्नो गक्षअनुसार दक्षिणा दिने पनि चलन छ।। ईदको दिन नुहाएर सफा र पवित्र भएर खुला मैदानमा पुगेर ईदको नमाज पढ्ने गरिन्छ। नमाज समर्पण गरिसकेपछि ठूला बडाबाट आशिर्वाद लिने गरिन्छ। नेपाल बहुधार्मिक देश भएकाले धार्मिक सहिष्णुता र धार्मिक समानतालाई हरनेपालीहरूले अवलम्बन गर्नु पर्दछ। हरेक पर्वले सम्बन्धित समुदायको धार्मिक एवम् सांस्कृतिक दृष्टिकोणबाट सद्भाव र राष्ट्रिय एकताको सन्देश सम्प्रेषण गर्दछ। यस पर्वले नेपालीहरू बीच धार्मिक, सामाजिक एवम् सांस्कृतिक विविधता भित्रको एकतालाई थप सबल र सुदृढ बनाएको छ।

हरेक समुदायका पर्वको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थान सदा प्रतिबद्ध छ। यस पर्वले नेपालीहरू बीच आपसी सद्भाव तथा राष्ट्रिय एकताको भावना अभिवृद्धि गर्न सकोस् भन्ने शुभेच्छा सहित ईद-उल-फित्र पर्व २०८१ को

शुभकामना व्यक्त गर्दछु।

१८ चैत २०८१
ने.सं. ११४५ चौलाथ्व द्वितीया

किरण बाबु पुन
महाप्रबन्धक
महाप्रबन्धक